एभरेष्ट इन्स्योरेन्स कम्पनी लि.
Everest Insurance Company Ltd.

ई.आई.सि.४०४ ०७५/७६ च.न. 633

मिति : २०७५/०७/१३

नेपाल स्टक एक्सचेन्ज लि.
दर्ता नं.: १२७१
मिति: ७।१४

श्रीमान महाप्रवन्धकज्यू
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं

**विषय : जारी हुन लागेको हकप्रद शेयर (संस्थापक) सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७५/०१/१० गते सम्पन्न २३औं बार्षिक साधारण सभाबाट बीमा समितिको निर्देशन बमोजिम पूँजि कायम गर्न निम्न बमोजिमको निर्णय भएको तहाँमा अवगत गराउन चाहन्छौं :

१. कम्पनीमा संस्थापक शेयरधनी नभएको परिप्रेक्ष्यमा शेयर पूँजि संरचनामा न्युनतम ५१% संस्थापक शेयरधनी कायम गर्नका लागि बोनस (उपरोक्त साधारण सभाबाट १०% बोनस शेयर सम्बन्धि निर्णय समेत भएको) शेयर पश्चात हुन आउने कुल चुक्ता पूँजीमा यस कम्पनीका विद्यमान सर्वसाधारण शेयरधनीलाई थप १:१.०५ (एक बराबर एक दशमलव शुन्य पाँच) संस्थापक शेयरमा कायम हुने गरी हकप्रद शेयर जारी गर्ने ।

२. तत्पश्चात कायम हुने सम्पूर्ण शेयरधनीहरु (संस्थापक र सर्वसाधारण) लाई १:३ (एक बराबर तिन) हकप्रद शेयर जारी गर्ने ।

साथै यसरी (माथि निर्णय १ बमोजिम) कायम रहन आएका संस्थापक शेयरधनीहरु असहज परिस्थितिमा संस्थापक शेयरधनी बन्न परेको कारणले गर्दा उपरोक्त संस्थापक शेयरलाई सामान्य रुपमा कारोबार गर्न सक्ने व्यवस्थाका लागि निम्न अनुसारको निर्णय समेत उपरोक्त साधारण सभामा भएको कुरा तहाँमा अनुरोध गर्दछौं :

क. संस्थापक शेयर धारण गर्ने शेयरधनीहरुले कम्पनीको संस्थापक शेयर नेपाल स्टक एक्सचेन्ज ली. बाट सोझै खरिद विक्री गर्न सकिने व्यवस्था गर्न कम्पनीले आवश्यक पहल गर्ने ।

ख. १% भन्दा कम संस्थापक शेयर धारण गर्ने शेयरधनीहरुले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर विक्रि गर्न चाहेमा कम्पनी / सञ्चालक समितिको अनुमति लिनुपर्ने प्रावधान लागू नहुने व्यवस्था गर्ने ।